# अर्को भूपिको प्रादुर्भाव

कृष्णप्रकाश श्रेष्ठ

धेरै वर्षदेखि स्वदेशबाट निकै टाढा रूसमा बसेको हुदा कवि विक्रम सुब्बाको नामबाट म परिचित थिइनू । एकपल्ट इन्टरनेटमा कान्तिपुर पत्रिका हेर्ने क्रममा मेरो दृष्टि एउटा लेखभित्र उद्धृत गरिएको विक्रम सुब्बाको कवितांशमा पर्न गयो र ती पंक्तिहरू पढ्दा मलाई नेपालमा अर्को भूपिको प्रादुर्भाव भएजस्तो लाग्यो । मेरो ध्यान त्यस कवितांशको विम्बविधानले आकर्षित गरेको थियो ।

सन् २००३ को सेप्टेम्बरको अन्तिम साता दशैंताका जगदम्बा पुरस्कारको सन्दर्भमा काठमाडौं जाने सुअवसर पाउँ । त्यहाँ विक्रम सुब्बासँग साक्षात्कारमात्र भएको नभई एउटा 'अन्तरंग कविता गोष्ठी' र 'नेपाली कविता डट कम' को तर्फबाट आयोजना गरिएको एउटा प्रितीभोजमा पनि कविकै ओजस्वी स्वरमा कविता पाठनको रसास्वादनको सौभाग्य पाइयो । फलस्वरूप मेरो कुम्लोमा परेका 'सुम्निमा पारुहाङ.' (काव्य) र 'विक्रम सुब्बाका कविता र गीतहरू' शीर्षकको संग्रह पनि मसँगै मस्को आइपुगे...

'विक्रम सुब्बाका कविता र गीतहरू' मा भएको विम्बविधानको बारेमा चर्चा गर्नु सान्दर्भिक हुन आउँछ । 'दुई सहर' शीर्षकमा उनले स्थापना, प्रतिस्थापना र संस्थापनासम्बन्धी हेगलीय दर्शनलाई नै नजानिँदो पाराले प्रतिविम्बित गर्न खोजेझैं लाग्छ । उनका अन्य कविताहरूमा पनि यसै सिद्धान्तको पुष्टि हामी पाउनेछौं । 'चिडियाखाना' (पाटन) छ भने दोस्रो प्रतिस्थापना खण्डमा पुरुष वा भनौं मानव सभ्यताको प्रतिपादन गर्ने कृत्रिमताको द्योतक 'मन्त्रालय' आदि (काठमाडौं) रहेको छ । कविले यसलाई सरल शब्दमा 'उता' र 'यता' भनेर प्रस्ट्याएका छन् । अनि तेस्रो संस्थापनासम्बन्धी खण्डमा पक्ष तथा प्रतिपक्ष दुवैलाई जोड्ने 'वाग्मतीको पुल' को उपसंहारात्मक प्रतीक रहेको छ । नकारको नकारसम्बन्धी सिद्धान्तको आधारमा पनि यस कविताको रूप पक्षको विवेचना गर्न सकिन्छ । यस प्रकार द्वन्द्वात्मक दार्शनिक सिद्धान्तको प्रतिपादन यस कवितामा टडकारो रूपमा परेको छ भन्ने मलाई लाग्छ ।

यही विम्ब अलि अर्कै पाराले 'काठमाडौं साहाब' शीर्षकको कवितामा पनि पाइन्छ । त्यसमा 'गोडा' र 'हात' को विम्बलाई पक्ष र प्रतिपक्षको रूपमा उभ्याइएको छ । खुट्टामा 'कालो जुत्ता' र पाँचऔंले हत्केलामा 'चोर औंला' को विम्बले कवि वर्तमान काठमाडौंको संक्षिप्त परिचय प्रस्तुत गर्दछन् । अवश्य पनि विक्रम सुब्बाको काठमाडौं भानुभक्त आचार्यको कान्तिपुरी होइन र हुन पनि सक्तैन । चारहरफे 'हैरानी' शीर्षकको कवितामा समेत पक्ष (रात : बेचैनी) तथा प्रतिपक्ष (दिन : हैरानी) को द्वन्द्वबाट 'म' लाई उपस्थित गराएर उपरोक्त विम्बविधानको नै उपयोग गरिएको टडकारै देखिन्छ । अनि 'पानी' शीर्षकको कवितामा जलको वेगवान् रूप तथा जमेको रूपको विम्ब एकातिर छ भने तरल पानीको नकारस्वरूप ठोस अन्न र यी दुवैको संश्लेषणबाट जीवनको अस्तित्वलाई स्वीकारिएको छ ।

'मेलामा' शीर्षकको कवितामा विम्बविधान सुरुका कविताहरूमा भन्दा जटिल प्रतीत हुन्छ, तर सिद्धान्त भने उही नै हो । यसमा दर्शनशास्त्रका दिक् (स्थान) तथा काल (समय) जस्ता अवधारणाहरूको उपयोग गरिएको छ । 'गोरेटो' र 'पहरा' स्थानको प्रतीक हो भने 'उमेर' र 'जीवन' चाहिँ काल (समय) को प्रतीक हुन् । गोरेटोले उकाली चढेझैं पहरामा लहरा चढ्छ, अनि उमेरमा रहर चढेझैं जीवनमा पनि उमंग चढ्छ । यहाँनेर कुन कुरा पनि उल्लेखनीय छ भने प्रतीक समायोजनाको दृष्टिले विक्रम सुब्बाका कविताहरू आफ्नै पाराका छन् । 'मेलामा' भन्ने कवितामा सपनामा मुहार, आकाशमा आँखा र जूनमा ओठ प्रत्यारोपित गरिएझैं तिमी को हौ ? तिमी के हौ ? शीर्षकको कवितामा पनि घाम-जूनमा आँखा, सपनामा शरीर, संगीतमा हृदय प्रत्याभूत भएको छ । यसैगरी मेरो कथा शीर्षकको कवितामा पनि मन र बाँसुरी, इज्जत र पगरी, धैर्य र सिरानीको जोडी मिलाइएको छ ।

शरीरका अंगप्रत्यंगको विम्ब अन्यत्र पनि पाइन्छ विक्रम सुब्बाका कविताहरूमा । यस परिप्रेक्ष्यमा 'दाइजो कविता' वा 'दरबार भत्किरहेछ' शीर्षकका कविताहरू उल्लेख्य छन् । शरीरकै विभिन्न अवयव र क्रियाकलापलाई विम्बको रूपमा उपयोग गर्दै लेखिएको एउटा मार्मिम कविता हो- 'दाइजो कविता ।' गरिबीको मोर्चा छोडेर छोरीको विवाहमा आउनै असमर्थ बाबुले एउटा स्वस्थ आँखा, एउटा लगनशील हात, एकमुठी चोखो मुस्कान, फूलजस्तो

खुसी, कतै नबिकेको पसिना, मुस्किलले जोगाइराखेको शुद्ध रगत, सम्पत्तिको नाममा आफूसँग भएको कविता र आशिर्वादको थुगामात्र दाइजो पठाउने जमर्को गर्दछ ।

कवि विक्रम सुब्बाको 'दरबार भत्किरहेछ' शीर्षकको कविता प्रतिकात्मक छ । मानवनिर्मित दरबारले ठोस तत्त्वको प्रतिनिधित्व गर्दछ भने यमुना नदीले तरल तत्त्वको बोध गराउँछ । यस्ता दुई परस्परविरोधी पक्षहरूको विम्बमा मात्र यो कविता आधारित छैन, बरु यसमा चित्रित अकवरको दरबार मानव सभ्यताको प्रतीक बनेको छ भने यमुना नदी प्रकृतिको प्रतीक बन्न पुगेको छ । पहिलोचाहिँ प्राचीनताको द्योतक हो, जुन क्षणिक हुनुका साथै देशवासीले रेखदेख नगरेको हुदा भत्किरहेको छ भने दोस्रो अर्थात् नजिकै युगौंदेखि बगिरहेको यमुना नदी नितनूतन र शाश्वत् छ, साथै प्रकृतिको द्योतक हुनाले अनन्तसमेत छ । यस कवितामा पनि भित्तामा शरीर, झ्यालमा आँखा, खापामा जिब्रो, पर्खालमा हड्डी आरोपित गरिएको छ । यसरी महाकवि लक्ष्मीप्रसाद देवकोटाले यात्री कवितामा शरीरलाई मन्दिरको रूपमा प्रस्तुत गरेझैं कवि विक्रम सुब्बाले दरबारमा शरीरको विम्ब उतारेका छन् भन्न सकिन्छ ।

सरल शब्दको प्रयोगबाट प्रभावोत्पादक भावाभिव्यक्ति गर्नु कवि विक्रम सुब्बाको अभीष्ट हो । यस कथनको पुष्टिको रूपमा 'प्रेमपत्र' शीर्षकको कवितालाई नै लिन सकिन्छ । शीर्षकबाट ज्यादै निजी कुरा झल्कने यो कविता पनि वास्तवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्को वर्तमान स्थितिप्रति नै समर्पित रहेको छ । यस कविताका पाँचै खण्डको कुञ्जी क्रमशः लेखाउनु, पठाउनु, पर्खिनु, चुम्नु र पढ्नुजस्ता पत्रप्रेषण प्रक्रियाबोधक क्रियापदहरू नै भए तापनि कविले वास्तवमा विम्ब-प्रतिविम्बको समायोजनको आधारमा ज्यादै सघन रूपले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयको सारगर्भित चर्चा-परिचर्चा गरेका छन् । यस कविताको अन्तिम खण्ड नै लिनोस् :

धूर्तताको बाइबल पढिरहेछ पादरी

मौलवी जल्लादहरूसँगै कुरान पढिरहेछ

सुनको धम्मपद पढिरहेछ लामा

ब्राह्मण पढिरहेछ षड्यन्त्रको गीता

म छु एउटा विक्रम एकान्त कुनामा

तिम्रो प्रेमपत्र पढिरहेछु ।

(पृ.२४)

'फाँसीको फैसला' भन्ने कविता आद्योपान्त नजीर, उल्टो फैसला, मिसिल, जिकिरजस्ता अदालती शब्दावलीहरूको विम्बमा आधारित छ । कविले सभ्यताको अदालतको विरोधमा कविताको सर्वोच्च अदालतको उत्कृष्टता जनाउँदै 'युगौंदेखि मान्छे जुधाएर रगतको खोला बगाएको अपराधमा' स्वयं ईश्वरलाई नै सर्वोच्च अदालतको कठघरामा उभ्याएका छन् । यस कवितामा युद्धविरोधी प्रखर स्वर घन्काएर कविले शान्तिप्रतिको आफ्नो असीम आस्थाको प्रदर्शन गरेका छन् । अनि युद्धको विभीषिकाको चित्रण कविले 'मेरी बहिनी देवी' भन्ने कवितामा निकै मार्मिक पाराले गरेका छन् । भाइमारा युद्धमा मर्नेहरूका पत्नीहरूको वैधव्यता कति संवेदनात्मक छ भन्ने तलका हरफहरूले स्पष्ट पार्दछन् :

यसपालि पनि खलंगामा फेरि आन्दोलन चलेछ

चेलीको खसमले गाउँमै वीरगति पाएछन्

सेतो चोलो, सेतो सारी र सेतो पछ्यौरा

बहिनीको उज्यालो पखेटा भएर पलाएजस्तो लाग्यो

किन-किन मेरी बहिनी मलाई देवीजस्तो लाग्यो ।

(पृ.२९)

समष्टिमा भन्ने हो भने कवि विक्रम सुब्बाका प्रत्येक कवितामा परस्पर विरोधी विम्बको माध्यमबाट भावाभिव्यक्ति गरिएको पाइन्छ । यतिमात्र होइन, यी विम्बहरूले माथि केही उदाहरण दिइएझैं दार्शनिक तत्त्वको पनि झल्को दिन्छन् । उदाहरणस्वरूप, 'बन्दुक' शीर्षकको कवितालाई नै लिन सकिन्छ । बन्दुक अर्थात् गोली कठोरताको द्योतक हो भने रगत अर्थात् जीवन तरलता (मृदुता) को । यसरी यस कवितामा कठोर तथा तरल दुई परस्पर विरोधी तत्त्वहरूको विम्ब प्रस्तुत गरेर कविले दार्शनिकताको झल्को दिएका छन् । नेपालको वर्तमान परिप्रेक्ष्यमा बन्दुक शीर्षकको सूक्ष्म कविता निकै सार्थक प्रतीत हुन्छ । यही कुरो 'प्रश्नहरू' शीर्षक बोकेको कविताको सन्दर्भमा पनि भन्न सकिन्छ । त्यसका अन्तिम हरफहरूमा कविको अहंप्रश्न यस्तो छ :

यो देश बर्बाद हुन अब के नै बाँकी छ ?

र यो देशकै अर्थी बोकेर हिड्न पर्‍यो भने

त्यो विजयको मलामी होला कि पराजयको जन्ती ?

(पृ.२७)

अनि 'मेरो सानो स्वर्ग' भन्ने कवितामा जंगल र छाप्रोको विम्बले क्रमशः एकातिर नैसर्गिकता (प्रकृति) र कृत्रिमता (सभ्यता) को झल्को दिन्छ भने अर्कोतिर स्थूलजगत् र सूक्ष्मजगत्को पनि राम्रो प्रतिनिधित्व गरेको पाइन्छ । यसरी यी दुवै परस्पर विरोधी विम्बहरूले अन्ततोगत्वा वसन्त र स्वर्गको रूपमा उस्तै-उस्तै अर्थात् एउटै सुखानुभूति प्रदान गर्दछन् भन्नु अत्युक्ति नहोला । यसरी नै नेपालको राजनीतिलाई बुद्धिचालको विम्बद्वारा चित्रण गरिएको 'चेस खेल' भन्ने कवितामा बुद्धिचाल खेलमा प्रयुक्त हुने गोटीहरूको रंगको प्रतीकलाई प्रयोग गर्दै कालो र सेतो विम्बको सहारा लिइएको छ ।

'नियति' शीर्षकको कवितामा विक्रम सुब्बाले अन्तर्राष्ट्रिय घटना र देशको स्थिति अन्योन्याश्रित हुने तथ्यबोध गराएका छन् भने 'मालसिरी' तथा 'वस्त्र कविता' शीर्षकमा प्रकाशित कविताहरूमा उनले देशको वर्तमान अवस्थाको विम्बात्मक चित्रण गरेका छन् । पहिलो कवितामा उनले वर्तमान नेपालको सशक्त चित्र यसरी उतारेका छन् :

अचेल यो चार जातको फूलबारीमा

छत्तीस वर्णका हिटलरहरू फलेफुलेको देख्छु

बुद्धलाई अहिंसाको राइफल खोसेर

गुम्बाको कैदखानामा थन्क्याएको देख्छु ।

(पृ.३४)

अनि दोस्रो कवितामा देशको वर्तमानलाई उनले 'कालो वस्त्र ओढेको जमाना' भन्ने संज्ञा दिएका छन् र सम्भवतः सेतो (स्वच्छ) वस्त्रको प्रतिनिधित्व स्वयं कविताद्वारा गराइएको छ । त्यसैले त कवि अन्त्यमा भन्दछन् :

उद्देश्यविहीन बादलमुनि

जब रूखमा पालुवाका परेली पनि हुदैनन्

युग सर्वांग नांगो भएको हुन्छ

ठीक त्यसै बेला जमानाको लाज

वस्त्र कविताले ढाक्नुछ मैले

बलात्कृत हुनबाट त बचाउनै सकिन

देशलाई कमसेकम नांगै हेर्न सक्दिन ।

(पृ.३०)

यसरी विक्रम सुब्बाले यस कविताको माध्यमबाट अँध्यारोको हाँगामा पनि उज्यालोको फूल फुल्ने आशावादिता झल्काउँदै देशप्रति कविको दायित्वतर्फ पनि अंगुलीनिर्देश गरेका छन् । यसरी कवि विक्रम सुब्बाको राष्ट्रप्रेमको अभिव्यक्ति उनका कविताहरूले गरिरहेका छन् । उनले विविधतामा एकताको द्योतकझैं ‘हार्मोनियम’ शीर्षकको सानो कवितामा बहुराष्ट्रिय, बहुभाषिक, बहुसांस्कृतिक हाम्रो मातृभूमिलाई सप्तस्वरीय हार्मोनियमको रूपमा कल्पना गर्दै नेपालको जुन जीवन्त चित्र उतारेका छन्, त्यो उद्धृत गर्न चाहन्छु :

सप्तकोशीको तार सप्तक

सप्तगडकीको मध्य सप्तक

सप्तकर्णालीको मन्द्र सप्तक

एक्काइस स्वरहरूको यो हार्मोनियम ।

(पृ.१८)

यहाँ म कवि विक्रम सुब्बाका गीतहरू र सूक्ष्मकाव्यको बारेमा सविस्तार चर्चा गर्न चाहन्न । तर यति त भन्नैपर्दछ कि उनका गीतहरूमा पनि मायाप्रितीका कुराहरू मात्र नभई देशप्रेम र जनजीवनका समस्याहरू समेत मुखरित भएका हुन्छन् । उदाहरणस्वरूप ‘तम्मरको बाढीले’ वा ‘मेरो देश’ भन्ने कविताका शीर्षकबाटै पनि यसको बोध हुन्छ । मलाई के लाग्छ भने कवि विक्रम सुब्बाले आफ्नो कविता र गीतहरूको संग्रहलाई नै गद्यकविताको कठोरता वा ठोसपना एवं गीतको मृदुता वा तरलपना जस्ता दुई तत्त्वहरूलाई एउटै गाताभित्र हुलेर आफ्नो विम्बविधानको अनुपम नमुना प्रस्तुत  गरेका छन् ।